# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## राजदेवी नगरपालिका
## रौतहट

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## राजदेवी नगरपालिका
## रौतहट

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## राजदेवी नगरपालिका

## रौतहट

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# दूरदृष्टि
# (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

# गन्तव्य
# (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

# मूल्य मान्यता
# (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

२०८१ **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**अनामनगर/बबरमहल, काठमाडौं, नेपाल**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
मधेश प्रदेश

**मितिः२०८१।०२।११**

प.सं. २०८०।८१

च.नं. ८१

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख ज्यू ,

राजदेवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

राजदेवी, रौतहट ।

१. **कैफियत सहितको राय —** हामीले राजदेवी नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ४ करोड ९ लाख ९३ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त नभएकोमा बाँकी बेरुजु असुल गर्नुपर्ने रू ५० लाख ४४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड २६ लाख १९ हजार, नियमित गर्नुपर्ने रु. ३ लाख १२ हजार र पेश्की बाँकी रु. ३० लाख १७ हजार समेत गरी यो वर्ष रु. ४ करोड ९ लाख ९३ हजार बेरुजु कायम रहेको छ । राजदेवी नगरपालिकाको गतवर्ष सम्म रु. ६६ करोड ८८ लाख ९० हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको

अद्यावधिक बेरुजू रु. ७० करोड ९८ लाख ८३ हजार रहेको छ । राजदेवी नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी राजदेवी नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(श्यामप्रसाद भण्डारी)**

**नायब महालेखापरीक्षक**

राजदेवी नगरपालिका,

रौतहट जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५५ | ७५ | ४०९९३ | ० | ० | ० | ५५ | ७५ | ४०९९३ | ५०४४ | ३१२ | ३२६१९ | ० | ० | ३२९३१ | ३०१८ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रौतहट | ६६८८९० | ० | ० | ६६८८९० | ० | ४०९९३ | ७०९८८३ |

## परिचय

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरीकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल२८.२१ वर्ग किलोमिटर तथा ३१,२९२ जनसंख्यारहेकोछ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।१७ देखि २०८०।६।२६ सम्म रहेकोछ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति :**-आय — व्ययतर्फ रु.७४४८६९७६०।-को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तिय विवरण -**

२.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| **प्राप्ति भुक्तानी हिसाब** | | | |
|---|---|---|---|
| विवरण | बजेट | यो वर्ष | गत बर्ष |
| **प्राप्ति** | | | |
| (क ) प्राप्ति (संचित कोषमा आम्दानी बाँधेको) | ५४२०२३४७८.५५ | ५०३६६३७९०.४३ | ५७१०२९०५५.२३ |
| कर | ८७०४१०००.०० | ६७१३०९६२.१७ | ७४६४५७५९.०३ |
| संघिय सरकार अनुदान | ४१०६६१०००.०० | ४०१५११०००.०० | ४०१५७५०००.०० |
| प्रदेश सरकार अनुदान | २८६०८०००.०० | २५४२७९३७.०० | १२७७४०००.०० |
| अन्य राजस्व | १५७१३४७८.५५ | ९५९३८९१.२६ | ८२०३४२९६.२० |
| ख) अन्य प्राप्ति | १४४८८२५८.०० | २५४३१७१.०० | |
| कोषहरु | १४४८८२५८.०० | ०.०० | ३४९९९४५.०० |
| धरौटी | ०.०० | २५४३१७१.०० | ५४८४४५.०० |
| जम्मा (क+ख) | ५५६५११७३६.५५ | ५०६२०६९६१.४३ | ५७४५२९०००.२३ |

| भुक्तानी | | | |
|---|---|---|---|
| ग) भुक्तानी (संचित कोषबाट) | ६१६९७६७४०.७७ | ५३६२०६१९७.९० | ४९४३३७५७१.१२ |
| पारिश्रमिक /सुविधा | १६०२०९१५८.०० | १४९२८३२०५.३६ | १३५५५२३७६.६३ |
| मालसामान तथा सेवाको उपयोग | १९२१९४९३६.८१ | १६००९०९२०.५८ | १४४३७७८६९.७२ |
| सहायता | | | २४१७०००.०० |
| अनुदान | ३७२५०००.०० | २३३३०००.०० | ०.०० |
| सामाजिक सुरक्षा | ९६६२५००.०० | ७१८२५७०.०० | ७१४८०००.०० |
| अन्य खर्च | ५२७२३२४५.९६ | ५१८३७३५५.९६ | १८३९४५२१.८१ |
| गैर वित्तीय सम्पत्ती/ पूँजीगत खर्च | १९८४६१९००.०० | १६५४७९१४६.०० | १८६४४७८०२.९६ |
| घ) अन्य भुक्तनी | १४४८८२५८.०० | १४७७९६३२.०० | ४९९३५१००२.५३ |
| कोषहरु | १४४८८२५८.०० | १०३३४६८१.०० | २९०३१३८.०० |
| धरौटी | | ४४४४९५१.०० | २११०२९३.४१ |
| जम्मा भुक्तानी (ग+घ) | ६३१४६४९९८.७७ | ५५०९८५८२९.९० | ४९९३५१००२.५३ |
| मौज्दात तथा अ.ल्या. | | | |
| ङ) यो वर्षको बचत (न्युन) | -७४९५३२६२.२२ | ४४७७८८६८.४७ | ७५१७७९९७.७० |
| च) गत वर्षको जिम्मेवारी रकम अ. ल्या. | | १०३४९७७२९.८२ | ९४३०४१८.५० |
| वर्षान्तको बाँकी रकम | -७४९५३२६२.२२ | ५८७१८८६१.३५ | ८४६०८४१६.२० |
| बैंक तथा नगद बाँकी | | ५८७१८८६१.३५ | ८४७१७३५३.६० |

सैद्धान्तिक बेरुजु

२.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१३,५३,३३,९१९ र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.१,८०,६५,००० समेत गरी रु.१५,३३,९८,९१९ सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.३ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.८,५२,६३,८८०.१३ मौज्दात रहेकोमा यो वर्ष रु.१०,३४,९७,७२९.८२ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१,८२,३३,८४९.६९ बढी जिम्मेवारी सारेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२.४ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | २,१५,२१,६१६.३२ | १,०९,०३,१७६. ६२ | १,०६,१८,४३९ . ७ |
| चालु खर्च खाता | २,०७,८०३४. २१ | ४१,२१, ८४१.३० | (२०,४३,८०७.०९ ) |
| पुँजीगत खर्च खाता | २,३०,८९,३५८.५१ | २,३०,८९,३५८. ५१ | ० |
| विविध खर्च खाता | ४,६९,१८०. ५० | ४,६९,१८० . ५० | ० |
| स्थानीय प्रकोप व्यवस्थापन खाता | ३६,७०, ९८५ | ३६,७०,९८५.६२ | ० |

| | | | |
|---|---|---|---|
| धरौटी | ६८,८४,३७८ . ८१ | १,४२,८५,८३९.०९ | (७४,०१,४६०.२८ ) |
| ग१.१ , आन्तरिक राजस्व खाता | ९,९६,३०८ | १५,९३, २९३ | (५,९६,९८५ ) |
| ग१. ३ , आन्तरिक अनुदान खाता | ० | ९९,८४,००० | (९९,८४,००० ) |
| जम्मा | ५,८७,१८,८६१.३५ | ६,८१,१७,६७४ . ६४ | ९४०७८१२।६७ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ३ बजेट तथा कार्यक्रम -

३.१ **आवधिक योजना —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.२ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरीसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.३ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.४ **बजेट पेश, पारित र अख्तियारी —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रु. ५३ करोड ६२ लाख ९७ बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।२२ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।२७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

सैद्धान्तिक बेरुजु

३.५ **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले चौमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | |
|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो |
| पुँजीगत खर्चतर्फ | १६५४७९ | ७४२७ | २५४०३ | १३२६४९ |
| प्रतिशत | १००.००% | ४.४८ | १५.३५ | ८०.०६ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.५३६२०६ निकासा भएकोमा प्रथम चौमासिकमा रु. ८१८४६ (१६.२६प्रतिशत), दोस्रो चौमासिकमा रु. १५७३७३ (२.३४प्रतिशत) र तेस्रो चौमासिकमा रु.२९६९८७ ( प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै तेस्रो चौमासिकमा आएर खर्चको चाप बढेको

देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरीनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.६ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९/८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २२,७९२,५०० | १,३३,५७, ९२९ . ४४ | २.४९ |
| २ | पूर्वाधार विकास | १४,०८,१६,१९० | ११,७५,९५,९०९ | २१.९२ |
| ३ | सामाजिक विकास | २९,४,३७,४५५. ९६ | २७ ०३,१४, ९६८ | ५८.३८ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २, ८९ , ३२ , ५०० | २७१२१७१८.४२ | ५.८५ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १,२९६,९८,०९४.८१ | १,०८१,९५,३८८.०४ | २८.१६ |
| जम्मा | | ६१,६९,७६,७४०.७७ | ५३,६५,८५,९१२ . ९ | ८६.९७ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ५८.३८ प्रतिशत र आर्थिक विकास मा सबै भन्दा घटीमा २.४९ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

३.७ **खर्च बिश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.९५९३८९१ राजस्व बाँडफाँड र अनुदानबाट रु.४९४०६९८९९ समेत रु.५०३६६३७९०। आम्दानी भएकोमा चालु तर्फ रु,३७,०७,२७,०५१।९० र पूँजिगत तर्फ रु.१६,५४,७९,१४६ समेत रु.५३,६२,०६,१९७।९० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.९३ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रु.१०१८५०००। खर्च भएको छ जुन आन्तरिक आयको ६४.८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र

राजस्व बाँडफाँडको रकमबाट ६९.१२ प्रतिशत चालु र ३०.८६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरीनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **कानून निर्माण -**

४.१ **कानून र सञ्चालन स्थिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ११ वटा ऐन, ४ वटा नियमावली, ५९ कार्यविधि लगायत ७४ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ५ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४.२ **न्यायिक समिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ७ र यो वर्ष थप भएको १६ गरी कुल २३ विवाद दर्ता भएकोमा ८ वटा मात्र फर्स्यौट भई १५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ

## ६ आन्तरिक नियन्त्रण -

६.१ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर राजदेवी नगरपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६.२ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,

• पालिकाको श्रेष्ता र वैंक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन,

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५,६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्माण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन,

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमूखी रहेको पाईयो,

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,

• वडा कार्यालयमा रहेका जिन्सी सामानको अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन,

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन,

• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगाएतका विषयमा स्पष्ट गरी सरोकार वाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाईएन,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरीक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन,

• संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको पत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साविकका विषयगत कार्यालयको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७ **जिन्सी व्यवस्थापन -**

७.१ **जिन्सी निरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७.२ **जिन्सी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रविष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा

हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरी जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **अवकास कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी अवकास कोषमा रु.१०,००,०००।- ट्रान्सफर गरेको छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । ऐनमा भएको व्यवस्था अनुरुप सो कोषमा नियमित रुपमा रकम जम्मा गरी भविष्यमा वहन गर्नुपर्ने दायित्व सुनिश्चित गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

९ **धरौटीको व्यक्तिगत अभिलेख -** आर्थिक तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६ अनुसार व्यक्तिगत धरौटी खाता अध्यावधिक गरी धरौटी फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले व्यक्तिगत धरौटी खाता राखेतापनि प्रायोजन र मिति खुलाइ अध्यावधिक गर्नुपर्ने देखिएको छ। धरौटीको व्यक्तिगत धरौटि खाता अध्यावधिक गरी पुराना धरौटी सदरस्याहा गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१० **फोहरमैला व्यवस्थापन —** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा

अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। सहकारी संस्थाको विवरण उपलब्ध हुन सकेन। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरीएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरीकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ७ वडामा ७ योजना सञ्चालन गरी यस वर्ष १३१ जनालाई औसत ५६.३ दिनले कुल ६३३६ दिन रोजगारी उपलव्ध गराई रु.४२५०१८२ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **राजस्व**

१३.१ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१५७१३४७८.५५ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु..९५९३८९१.२६ अर्थात अनुमान भन्दा ६१.०६ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

१३.२ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३८०९९५१७०.९ | १५७१३४७८.५५ | ४.१२ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.१२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१३.३ **राजश्व अभिलेख** - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी तथा यस वर्षको छपाई र उपयोग सम्वन्धमा एकीन गर्न सकिएन। रसिदनियन्त्रण खाता नहुँदा व्यक्तिहरुले छुट्टै रसिद छपाई प्रयोग गर्ने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । पालिकाले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

१३.४ **राजस्व असुली** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाभित्रका ९ वडाहरुमध्ये नमुना छनौट गरी निम्नानुसारका वडाहरुको राजस्व असुली परीक्षण गर्दा रु.. असुली भएकोमा रु... मात्र दाखिला भएको पाइएकोले बाँकी रकम दाखिला गर्नुपर्ने रु.

| क्र सं | वडा नं | अशुली रु. | दाखिला रु. | दाखिला गर्न बाँकी रु. |
|---|---|---|---|---|
| १ | वडा नं.१ | ० | ० | ० |
| २ | वडा नं. २ | ० | ० | ० |
| ३ | वडा नं. ३ | ० | ० | ० |
| ४ | वडा नं. ४ | १०९९५५ | १०९९५५ | ० |
| ५ | वडा नं. ५ | ७२६३५ | ७२६३५ | ० |
| ६ | वडा नं. ६ | ११७५३३ | ११७५३३ | ० |
| ७ | वडा नं. ७ | ५०३५ | ५०३५ | ० |
| ८ | वडा नं. ८ | ० | ० | ० |
| ९ | वडा नं. ९ | ० | ० | ० |
| १० | राजदेवी नगरपालिका | ० | ० | ० |
| | जम्मा | ३०५१८ | ३०५१८ | ० |

पालिकाले उपलब्ध गराएको माथिको विवरण अनुसार ९ वटा वडा मध्ये वडा नं.४,५,६ र ७ ले मात्र राजस्व रकम संकलन गरेको देखिन्छ। पालिकाले प्राप्त गरेको आयको विवरण प्राप्त हुन नसकेको साथै अन्य वडा १, २, ३, ८ र ९ ले राजस्व छुटको निर्णय गरी राजस्व असुली गरेको पाईएन जुन स्वभाविक देखिंदैन। राज्यको नियमानुसार राजस्व संकलन गर्ने तथा संकलन भएको राजस्व समयमै दाखिला गर्नेतर्फ पालिकाले विशेष ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१३.५ **कर तथा शुल्क असुली** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| अन्य सेवाशुल तथा बिक्री | ५०००० | ९६७५६७ | १८३५.००% |
| नक्शा पास दस्तुर | १००,००० | ० | ० |
| अन्य दस्तुर | ७०००००० | ९९६३०८ | १४.२३ |
| सरकारी घरजग्गा गुडविल बिक्रिबाट प्राप्त रकम | ३९१३४७८.५५ | ३२३००१६.२६ | ८२.५४ |
| व्यवसाय कर | २५०००० | ० | ० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

१३.६ **असुली गर्न बाँकी आन्तरिक आय —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले यस आ.व. मा विभिन्न यन्त्रिक उपकरण भाडामा लगाए वापत देहायअनुसार व्यक्ति तथा संस्थाबाट भाडा रकम असुल गर्न बाँकी देखिएको छ । असुल गर्न बाँकी रकम सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| क्र.सं. | मेशिनको नाम | सम्बन्धित व्यक्ति वा फर्मको नाम | ठेगाना | दाखिला गर्न बाँकी रकम |
|---|---|---|---|---|
| १ | ब्यक हो लोडर | शाह निर्माण सेवा | मलङ्गवा - १० सर्लाही | १८,००० |
| २ | ब्यक हो लोडर | नरेश यादव | राजदेवि न.पा. -८ | ३५,१०० |
| ३ | ब्यक हो लोडर | रामा राय यादव | राजदेवि न.पा. -८ | १,९७,५०० |
| ४ | टिपर | मो. अफ्ताब आलम | राजपुर न.पा. | ४,२६,६०० |
| ५ | टिपर | राधेश्याम यादव | राजदेवि न.पा | ८,२६,२०० |

| | | | | |
|---|---|---|---|---|
| ६ | एक्साभेटर | राधेश्याम यादव | राजदेवि न.पा | ४,३८,७५० |
| ७ | रोलर | नारायण नेउपाने | सरुअठा | १३,००० |
| ८ | रोलर तथा ग्रेडर | चौधरी निर्माण सेवा | - | १,२५,००० |
| ९ | ग्रेडर | शाह निर्माण सेवा | मलंगवा-१० सर्लाही | १,८०,००० |
| १० | ग्रेडर | अनिल झा | - | १५,००० |
| ११ | ग्रेडर | वृन्दावन न.पा. | वृन्दावन | ४५,००० |
| | | | **जम्मा** | **२३२०१५०** |

पालिकाले उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौताअनुसारको व्याज समेत यकिन गरी असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,२०,१५० |

१४ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १५ करोड, ८४ लाख, २९ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१५ **मोबाईल खरिद-** (९-२०७९-७-४) स्थानीय सरकार सचालन ऐन, २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न पाउने छैन भन्ने व्यवस्था छ ।पालिकाले मेशीनरी औजार तथा उपकरण शीर्षकबाट रु ५०८५०। मूल्यको १ थान मोवाईल खरिद गरेको पाईयो । व्यक्तिगत प्रयोगमा आउने उपकरणमा खर्च गर्दा विकास निर्माण र प्रशासनिक व्यवस्थापनका लागि श्रोतको अभाव हुने हुदा यस्ता खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१६ **सुरक्षित नागरिक आवास कार्यक्रम-** (36-२०८०-३-२४) सुरक्षित नागरीक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५ को दफा ५ मा लाभग्राही लाई जस्तापाता, र सहुलियत दरको काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य अघि बढाउन पहिलो किस्तामा ६०% र सम्बन्धित स्थानीय तहका प्राविधिकबाट कार्यसम्पन्न तयार भएश्चात् अन्तिम किस्ता बापत ४०% निकाशा गर्नुपर्ने व्यवस्था छ।सोही कार्य विधिको दफा ६ मा अनुदान निकाशा गरेको तिन महिनाभित्र किस्ता बमोजिम गर्नुपर्ने कार्य प्रगती नगरेमा लाभग्राहिबाट अनुदान रकम स्थानीय तहले असुल उपर गर्नसक्ने उल्लेख छ। कार्यालयले १२४ जनालाई रु.३००००।- का दरले प्रथम किस्ता वापत जम्मा रु.३७,२०,००० निकाशा दिएको छ। सम्बन्धित लाभग्राहीले उदेश्य बमोजिमको खर्च गरे नगरेको पालिकाले अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ३७,२०,००० |
|---|---|

१७ **करार कर्मचारी महंगी भत्ता -** संघीय सरकार अर्थ मन्त्रालयले मिति २०७९/१/२१ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार गरी करारमा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता उपलब्ध गराउन नसकिने भनी मिति २०७९/१/१५ मा निर्णय गरेको छ । पालिकाले करार सेवामा राखिएको देहायबमोजिमको कर्मचारीलाई मासिक रु.२०००। महंगी भत्ता भुक्तानी दिएको देखियो। यसरी नियममा व्यवस्था नभएको भत्ता भुक्तानी भएको देहायबमोजिमको कर्मचारीको महंगी भत्ता रु.१८६०००। सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| सि. नं. | कर्मचारीको नाम | पद | महिना | जम्मा रकम |
|---|---|---|---|---|
| १ | चन्द्रभुषण कुमार यादव | सूचना अधिकृत | ९ | १८००० |
| २ | चन्द्रशेखर सिंह राजपुत | स. ईन्जिनियर | १२ | २४००० |
| ३ | पंकज मिश्र | लेखापाल | १२ | २४००० |
| ४ | कृष्ण कुमार के.सी. | कम्प्युटर अधिकृत | १२ | २४००० |
| ५ | संजय कुमार शाह | कम्प्युटर अधिकृत | १२ | २४००० |
| ६ | प्रिति जयसवाल | कम्प्युटर अधिकृत | १२ | २४००० |
| ७ | विभा यादव | खरिदार | १२ | २४००० |
| ८ | राकेश कुमार शाह | कार्यालय सहयोगी | १२ | २४००० |
| | | जम्मा | | १८६००० |

| | | |
|---|---|---|
| | असुल गर्नुपर्ने | १,८६,००० |

१८ **दलित आवाश कार्यक्रम -** मधेश समृद्धि कार्यक्रम अन्तर्गत दलित आवाश कार्यक्रम निर्देशिका अनुसार सो आर्थिक बर्षमा भवन निर्माणको कार्यसम्पन्न गरी भवन तोकिएका लाभग्राहीलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। पालिकामा यस आ.व मा दलित आवाश भवन निर्माण कार्य शिर्षकबाट ६ वटा घर निर्माण भई जम्मा रु.५५,५०,५५५।- खर्च लेखेकोमा सो घर सम्पन्न गरेपश्चात् लाभग्राहीलाई लेखापरीक्षण अवधीसम्म हस्तान्तरण गरेको नपाईएकोले सो निर्देशिका अनुरुप समयमा कार्यसम्पन्न गरी लाभग्राहीलाई हस्तान्तरण गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | | |
|---|---|---|
| | प्रमाण पेश नगरेको | ५५,५०,५५५ |

१९ **गैर सरकारी संस्थामार्तफत कार्य -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ४६ नियामावली, २०६४ को नियम ९९ मा गैरसरकारी संस्थाबाट काम गराउन सकिने व्यवस्था छ । जसमा कार्यालयको आफ्नो जनशक्तिबाट सम्पन्न हुन नसक्ने र विशेष दक्षता तथा सिप आवश्यक पर्ने तथा गैरसरकारी संस्थाबाट कार्य गराउँदा बढी प्रभावकारी हुने किसिमका कार्य गैर सरकारी संस्थाबाट गराउन सक्ने भनी उल्लेख छ । पालिकाले महिला हिंसा, बालविवाह, छुवाछुत, दाईजो प्रथा, सरसफाई, पोषण, लोकसेवा तयरी कक्षा, सामाग्री खरिद गरी वितरण गर्ने कार्य लगायत विभिन्न सचेतनामुलक एवं अभिमुखीकरण सम्बन्धि तालिम गोष्ठीजस्ता कार्यक्रम गैरसरकारी संस्थाबाट गराएको पाईयो। उक्त गैरसरकारी संस्थासंग त्यस्ता तालिम, सेमिनार, अभिमुखिकरण गर्ने विषय विज्ञ, दक्ष स्रोत व्यक्ति तथा प्रशिक्षक नरहेको तथा विशेष विषयमा कार्य गर्ने गरी अनुमती नभएकोमा, जुनसुकै संस्थाले जुनसुकै प्रकृतिको कार्यक्रम सञ्चालन गर्नेका लागि बाह्य स्रोत व्यक्ती तथा प्रशिक्षक नियुक्त गरी सञ्चालन गर्ने गरेको देखियो। पालिकाले यो वर्ष विभिन्न जनचेतना कार्यक्रम संचालन शीर्षकमा रु ५००००००। विनियोजन गरी रु ४७७४५५०। खर्च गरेको छ ।उक्त कार्यक्रमहरुको सञ्चालन नेपाल सरकारको खर्च मापदण्ड निर्देशिका, २०७७ बमोजिम बिषयगत शाखाहरु महिला विकास शाखा, कृषि तथा पशु विकास शाखा, स्वास्थ्य शाखा लगायतका शाखाबाट सञ्चालन गरी प्रभावकारीता बढाउने तथा आफ्नो कार्यालयमा रहेका जनशक्तिको उपयोग गर्नेतर्फ समेत ध्यान दिनुपर्दछ।

| भौ नं र मिति | रकम | गैर सरकारी संस्थाको नाम | कार्यक्रम |
|---|---|---|---|
| ११२।२०७९।१२।२४ | ४९८२५०। | दलित महिला तथा वालवालिका विकास केन्द्र रौतहट | वडा नं ६ का महिलाहरुलाई व्युटीसियन तालिम |
| २१०।२०८०।३।१२ | ३०२७३७। | मिशन साक्षर युवक नेपाल गौर ९ | मनोपरामर्श कार्यक्रम |

| | | | |
|---|---|---|---|
| २१८।२०८०।३।१५ | २९९३००। | नेपाल सामूदायिक विकास केन्द्र रौतहट | महिला हिंसा तथा वालविवाह सम्वन्धी अभिमुखीकरण |
| २४३।२०८०।३।२० | १४९०००। | महिला समाज विकास नेपाल राजपुर | महिला हिंसा सम्वन्धी जनचेतनामूलक कार्यक्रम |
| २४५।२०८०।३।२० | २९९५००। | श्री मानव कल्याण केन्द्र कार्यक्रम नेपाल रौतहट | वालविवाह विरुद्ध अभिभावकहरुलाई जनचेतनामूलक कार्यक्रम |
| २४९।२०८०।३।२० | २९८७००। | संस्कृति विकास केन्द्र यमुनामाई ३ रौतहट | पोषण तथा स्वास्थ्य सम्वन्धी जनचेतनामूलक कार्यक्रम |
| २८३।२०८०।३।२४ | ४९९९००। | ग्रामीण जनता विकास नेपाल लौकाह | किशोरीहरुलाई व्यवहार परिवर्तनका लागि रुपान्तरण विषयक तालिम |
| जम्मा | १८९७४७७ | | |

ऐन र नियमावलीको व्यवस्था बमोजिम संस्थाको विधानमा तोकिएको कार्यक्षेत्र र दक्षता भएको विषय मात्र ति संस्थाबाट कार्यक्रम गराउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **पारिश्रमिक कर -** आयकर ऐन २०५८ को दफा ८७ मा पारिश्रमिक करयोग्य आयमा पहिलो १ लाखमा १०%, त्यसपछिको २ लाखमा २०% र ७ लाख ५० हजार देखि २० लाखसम्म ३०% का दरले पारिश्रमिक कर लाग्ने व्यवस्था छ। पालिकाका देहायका कर्मचारीहरुको बार्षिक तलब भत्ता, प्रोत्साहन भत्ता तथा अन्य सुविधा वापतको रकममा देहायबमोजिमको पारीश्रमिक कर कट्टा गरी दाखिला हुनुपर्नेमा कर कट्टी नभएकोले रु.१,७७,००५।- असुल गरी दाखिला गर्नुपर्ने रु.

| कर्मचारीको नाम | पद | तिर्न बाँकी कर करकम |
|---|---|---|
| सुवोध साह | अधिकृत छैटौ | १५५७० |
| घनश्याम लाल कर्ण | सि अ हे व छैटौ | ८६९८ |

| | | |
|---|---|---|
| अवधेश प्रसाद यादव | सि अ हे व छैटौ | ५९७० |
| प्रेमचन्द्र कुमार | अ हे व पाँचौ | २५५० |
| रामपुकार सहनी | हे अ छैठौ | ३६२५ |
| रामाकान्त प्रसाद यादव | सि अ हे व छैटौ | १५५७० |
| रविन्द्र कुमार गुप्ता | ज स्वा नि छैठौ | ३५४३ |
| शिवा राय यादव | अ न मि पाँचौ | २९३९ |
| सन्तोषी दास | सि अ हे व छैटौ | १५५७० |
| मालती देवी कर्ण | अ न मि पाँचौ | २१४५ |
| चन्देश्वर साह | सि अ हे व छैठौ | १५५७० |
| सरिता कुमारी झा | सि अ नि छैठौ | १४१६४ |
| अरविन्द कुमार यादव | हे अ छैठौ | २६९८ |
| संजय कुमार दास | हे अ छैठौ | १८२५ |
| प्राण चौधरी | सि अ हे व छैठौ | १५५७० |
| रंजन कुमार साह | सि अ हे व छैठौ | १३८९२ |
| श्याम सुन्दर राय | व क नि सातौ | ५९२९ |
| गौरी शंकर गिरी | व क नि सातौ | ५९२९ |
| पवन कुमार झा | बैध नि छैठौ | १५५७० |
| लालबाबु साह | बैध नि छैठौ | ४४१६ |
| संजय कुमार पाण्डे | ईन्जिनियर | ५२६२ |
| | जम्मा | १७७००५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७७,००५ |

२१ **वितरण भर्पाई -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात सलग्न गर्नु पर्दछ । कन्टिन्जेन्सी शिर्षकबाट अमान ट्रेडर्स गजुरालाई ४७७।३५ केजी त्रिपाल २०० पिस सल र १०० पिस गम्छा रु ५३९४४२। खरिद गरी भुक्तानी दिएकोमा ति सामानहरु प्राप्त गर्ने लाभग्राहीको छनौट एवं वितरणको भर्पाई संलग्न नभएकोले लाभग्राही छनौट र वितरणको भर्पाई पेश हुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,३९,४४२ |

२२ **सोझै खरिद -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ मा वीस लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको मालसामान खरिद गर्नु पर्दा बोलपत्रको माध्यमबाट र नियम ८४ मा बीस लाख सम्मको मालसामान सिलवन्दी दरभाउ पत्रको माध्यमबाट खरिद गर्नु पर्ने व्यवस्था छ । पालिकाले देहायअनुसार रु ३२६००९८। का सामानहरु वोलपत्र वा सिलवन्दीको माध्यमबाट खरिद नगरी सोझै खरिद गरेको नियमसम्मत देखिएन ।

| भौ नं मिति | रकम | विवरण | आपूर्तक |
|---|---|---|---|
| २८९।२०८०।३।२४ | १२३२८९३। | सवारी साधन मर्मत एवं अन्य | विभिन्न |
| २९०।२०८०।३।२४ | ११०३६३८। | विविध सामान खरिद | विभिन्न |
| २९२।२०८०।३।२४ | ९२३५६७। | विविध सामान खरिद | विभिन्न |
| जम्मा | ३२६००९८। | | |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२३ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च -** पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु.१२८१६६१। भुक्तानी दिएको पाईयो ।

| सि.नं. | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | शिव महिमा ट्रेडर्स एण्ड सप्लायर्स चन्द्रपुर ४ | नेपाल पत्रकार महासंघ रौतहट शाखालाई<br>१०० थान विन चिटर्स वितरण गर्न | ३३९०००। |

| | | | |
|---|---|---|---|
| २ | राजदेवी वचत तथा ऋण सहकारी संस्था वडा नं ८ | नगरस्तरीय क्रिकेट प्रतियोगिता | ९४२६६१। |
| | जम्मा | | १२८१६६१। |

यस्तो खर्चमा नियन्त्रण गर्दै मितव्ययिता कायम गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **परामर्स तथा डीपीआर खर्च -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्विकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत अनुमान |
|---|---|---|---|---|
| Consultancy service on Servey, Design and cost Estimate | M/S Chinnamasta Multi Engineering solution pvt.ltd. Jwagal Lalitpur | १०,००,००० | ९८८,७५० | २२१३७८०८०.५ |
| Consultancy service on Bagmati river Training work | M/S Ensafe Consultancy pvt. ltd kuleshwor | ५,००,००० | ४७२००० | १,७४,३६,७६,८६४.५२ |
| Consultancy service on preparation of Municipality Transport Masterplan | Spark Advance Enterprises Pvt. Ltd. Lalitpur -28 | २०००००० | १९८८८०० | - |
| Consultancy service on Detailed Engeenering Survey,Soil, Investigation, Design, cost estimate of Bibaha Mandap & Muncipility office Building | M/S pertinent Engeenering consultancy Pvt.ltd. Lalitpur-18 | १०००००० | ९९४०० | १२,६३,५१,१४६.३५ |

| | | | | |
|---|---|---|---|---|
| Detailed Engeenering Survey,Soil,Investigation, Design, cost estimate of Bagmati River multispan Suspension Bridge Chandiya | M/S Sugi Consultant Pvt. Ltd . Kupondole | १०००००० | ९८१९७० | ४०,६३,०७,९६७.२७ |
| | जम्मा | | ५४२५९२० | |

अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## २५ शिक्षातर्फ -

२५.१ **ICT Lab तथा Digital library स्थापना -** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं.२.७.१३.१३ को बुँदा नं.९.४ मा तोकिएका आधारमा विद्यालयको छनौट गरी अनुदान रकम निकाशा दिनुपर्ने व्यवस्था छ ।जसमा विद्यालयले सो कार्यका लागि खरिद प्रकृया सार्वजनिक खरिद ऐनको अनुसार गर्नुपर्ने, बिद्यालयले खरिद गरेको पुस्तकको सुचि स्थानीय तहमा पठाउनुपर्ने , विद्यार्थिको पठन पाठनसंग असम्बन्धित र असान्दर्भीक पुस्तक तथा सामग्री खरिद गर्न नपाउने, कक्षा ११ र १२ को ऐच्छिक विषयको पुस्तक अनिवार्य राख्नुपर्ने उल्लेख छ। विद्यालयले देहायबमोजिमको विद्यालयलाई रकम निकाशा गरेकोमा सो खर्च सँग सम्बन्धित कुनै कागजात पेश नगरेकोले निर्देशिका बमोजिम कार्य गरे नगरेको सम्बन्धमा एकिन हुन नसकेको । पालिकाले अनुगमन गरी सो सम्बन्धमा यकिन गर्नुपर्ने रु.

| सि. नं. | बिद्यालयको नाम | कामको विवरण | रकम |
|---|---|---|---|
| १ | श्री आ. वि. पताहि | ICT Lab तथा Digital library स्थापना कार्य | ६,५०,००० |
| २ | श्री आ. वि. लक्ष्मीपुर | ICT Lab तथा Digital library स्थापना कार्य | ६,५०,००० |
| ३ | रामसोशन मा.वि. हजमिनिया | डिजिटल कक्षा व्यवस्थापन २,००,०००। र Digital library | १५,००,००० |

| | | | |
|---|---|---|---|
| | | व्यवस्थापन ,६५०,०००। विज्ञान प्रयगशाला ६,५०,०००। | |
| | | जम्मा | २८,००,००० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२५.२ **नेमधारी वासुदेव नमुना विद्यालय क्रमागत भवन तथा स्तरोन्नती** - शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ११.१.२.८४५ को बुँदा नं. ८.३ मा नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदान सम्बन्धि व्यवस्था रहेको छ। जसमा उक्त बजेट उपलब्ध गराउँदा विगत वर्षबाट भएका निर्माण कार्यको प्रगति, स्विकृत गुरुयोजनाको वार्षिक कार्यन्वयन योजना र यस आ. व. मा निर्माण गर्ने कार्यक्रमको अनुमान सहित अनुदान माग गरेपश्चात् अनुदान उपलब्ध गराउने र चालु आ. व. मा नै कार्यसम्पन्न गर्ने गरी तोकिएबमोजिम किस्तामा अनुदान उपलब्ध गराउने उल्लेख छ। यस आ. व. मा नेमधारी वासुदेव नमुना विद्यालय क्रमागत भवन तथा स्तरोन्नती कार्यका लागि तथा ओ.जे.टी. र शैक्षिक गुणस्तर कार्यक्रमबाट गरी जम्मा रु.९२,००,००।— भुक्तानि दिएको छ। सो भवन निर्माणका लागि आ. व. १०७५/७६ देखि नै अनुदान रकम निकाशा हुँदै आएकोमा गत वर्ष सम्म रु.१,७५,००,०००।निकाशा भैसकेकोमा निर्माण कार्यको लागि सम्झौता, खर्च विवरण तथा हालसम्मको प्रगति प्रतिवेदन पेश नगरेको साथै पालिकाको प्राविधिक बाट नापजाँच गराएको समेत देखिएन। यस आ. व. मा भौतिक निर्माण तर्फ रु.४७,०००,००। र शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यन्वयनमा ४५,००,०००,।-गरी जम्मा ९२,००,०००।— निकाशा भएको छ। पालिकाले अनुगमन गरी सो निर्माणको हालसम्मको प्रगति प्रतिवेदन तथा प्रिवधिकद्धारा नाप जाँच गरी कार्यसम्पन्नको प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९२,००,००० |

२५.३ **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २० सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र. सं. | विद्यालयको नाम | दरबन्दी संख्या | पदपुर्ति | पदपुर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | मा. वि. ब्रम्हपुरी | १४ | १३ | १ | ८३४ |
| २ | मा. वि. मुडवलवा | ३० | २५ | १९ | २२१० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | मा. वि. बसन्तपुर | २२ | २२ | ६ | ९८८ |
| ४ | मा. वि. हजिमिनिया | १४ | १४ | ३ | ५९० |
| ५ | मा. वि. सेढवा | ६ | ६ | ४ | ९५२ |
| ६ | मा. वि. पथरा | ८ | ८ | ३ | ७७४ |
| ७ | मा. वि. लक्ष्मीपुर | ८ | ७ | १ | ५७८ |
| ८ | आ. वी हजमिया पाताही | ९ | ९ | ५ | ८३६ |
| ९ | बहिरा तथा सुस्त श्रवण | ३ | ३ | ३ | ६४ |
| १० | जनता प्रा. वि. ब्रम्हपुरी | ३ | ३ | ० | १४३ |
| ११ | माँ शारदे प्रा. वि. मुडवलवा | ३ | ३ | १ | १८१ |
| १२ | प्रा.वि. कटरवन | ३ | ३ | ० | १९२ |
| १३ | जनभावन प्रा. वि. | २ | २ | १ | ९४ |
| १४ | प्रा. वि. मोहनापुर | ३ | ३ | १ | ११९ |
| १५ | भगवती प्रा. वि. हजिमिनिया | ६ | ६ | ३ | २८४ |
| १६ | प्रा. वि. चण्डिहा | ४ | ४ | ० | २२२ |
| १७ | प्रा. वि. गडहिया | ३ | ३ | १ | १३९ |
| १८ | दलितकन्या प्रा.वि. वसन्तपुर | २ | २ | २ | १८४ |
| १९ | जनता प्रा. वि. मोतिपुर | ४ | ४ | ३ | १५४ |
| २० | लेखा जोखा केन्द्र | १ | १ | १ | ० |
| | जम्मा | १४८ | १४१ | ५८ | १९३८ |

स्थानीय तहको मातहतमा रहेका २० वटा विद्यालयमध्ये शुन्य दरबन्दी भएका विद्यालयहरुमा पालिकाले दरबन्दी स्चिकृत गरी आन्तरीक स्रोतबाट तलब भत्ता खुवाउने गरी पदपुर्ति गरेको जनाएको छ। २० विद्यालयमा १४८ दरबन्दी रहेकोमा १४१ स्थायी पदपुर्ति र ५८ करार पदपुर्ति रहेको देखिन्छ। दरबन्दी अनुसारको स्थायी शिक्षक पदपुर्ति गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२५.४ **स्यानिटरी प्याड -** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्राहरुलाई पालिकाले माँ मनकामना ट्रेड कन्सर्न एण्ड सप्लायर्स बाट ३२४९८ थान स्यानिटरी प्याड रु.४४।९० (मु अ कर बाहेक ) प्रति प्याकेट दरमा खरिद गरी जम्मा रु.१६४८९५२ खर्च लेखेको छ ।पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरी मौज्दातमा राखेको देखिन्छ। खरिद गरीएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२५.५ **विद्यालय भौतिक पूर्वाधार निर्माण -** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९/१/१५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि देहायबमोजिमका विद्यालयलाई निम्नानुसार रकम निकाशा भएकोमा सो कार्यको कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले कार्यसम्पन्नको प्रतिवेदन पेश गर्नुपर्ने रु.

| सि. नं. | बिद्यालयको नाम | कामको विवरण | रकम |
|---|---|---|---|
| ३ | श्री मा. वी. ब्रम्हपुरी | २ कोठे भवन निर्माण | २२,५०,००० |
| ४ | श्री मा. वी. पथरा | २ कोठे भवन निर्माण | २२,५०,००० |
| ५ | जगदिश प्रा. वि. हजमिनिया | २ कोठे भवन निर्माण | २२,५०,००० |
| | | जम्मा | **६,७५०,०००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६७,५०,००० |

२५.६ **दिवा खाजा** - शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.११.१ मा स्थानीय तहले विद्यालयमा प्रत्यक्ष कक्षा संचालनमा रहेका दिनका लागि मात्र सामुदायिक विद्यालयका बालविकास देखि कक्षा ६ सम्म अध्ययनरत बालबालिकाहरुका लागि प्रति विद्यार्थी रु १५ का दरले १८० दिनको दिवा खाजा त्रैमासिक अनुदान निकासा दिनुपर्ने तथा विद्यार्थीको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्राधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई संख्या एकीन भएपछि अनुदान रकम सदुपयोग भएको सुनिश्चित गरेर मात्र थप अनुदान दिनुपर्ने व्यवस्था छ । पालिकाले २० वटा विद्यालयलाई दिवा खाजा बापत यो वर्ष १२० दिनको रु.८३२१४९५।-निकासा गरेको पाइयो ।पछिल्लो त्रैमासिकको निकासा गर्दा अघिल्लो निकासाको हाजिरी एकिन नगरी निकासा गरेको पाईयो । पालिकाले बाट प्राप्त जानकारी अनुसार नेमधारी वासुदेव नमुना मा. वि. मा दिवा खाजाको रकम खाजा नखुवाई नगद वितरण गरेको, दलित कन्या प्रा. वि. र माँ शारदे प्रा. वि. ले खाजा नखुवाउने गरेको गुनासो पालिकालाई प्राप्त भएको सम्बन्धमा पालिकाबाट छानविन गरी दिवा खाजा नखुवाउने विद्यालयलाई दिएको खाजाको रकम रु.१,७९,९३०। असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,९५,९३० |

२५.७ **पाठ्यपुस्तक** - शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट जारी कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० को क्रियाकलाप नं २.४.६.१ मा उल्लेख गरे अनुसार विद्यार्थी भर्ना भएको विवरण पाठ्यपुस्तक खरिद र वितरणको आधारमा थप निकासा दिने व्यवस्था छ ।यस नगरपालिकाले २० वटा विद्यालयमा पाठ्यपुस्तक खरिदका लागि भौ.नं.१२३/०७९/१२/०९ बाट ७५ प्रतिशत रकम रु.३२,४८,०२१।४ र १७२/०८०/२/३० बाट थप २५ प्रतिशत रु. १८,७३,३७२।० गरी जम्मा रु.५१,२१,३९३।० निकासा गरेकोमा विद्यालयहरुले पुस्तक खरिद गरी वितरण गरेको विल भरपाई पेश गरेको देखिएन ।कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम पुस्तक खरिद गरी वितरण गरेको विल तथा भरपाई पेश गर्नुपर्दछ।

| सि.नं. | विद्यालयको नाम | निकाशा रकम ७५% | निकाशा रकम २५.००% | जम्मा निकाशा रकम |
|---|---|---|---|---|
| १ | श्री नेमधारी वासुदेव नमुना मा.वि. मुडवलवा | ७८३५७२ | ३६६५४९ | १३८०१२२ |
| २ | श्री जनभावना प्रा.वि. माठटोल | २९६०५ | २८६६२ | ५८२६८ |
| ३ | श्री दलितकन्या प्रा. वि. वसन्तपुर | ५३३२६ | २६३३२ | ७९६५८ |

| | | | | |
|---|---|---|---|---|
| ४ | श्री माँ शारदे प्रा. वि. मुडवलवा | ४९२६३ | ३२७३२ | १०११९६ |
| ५ | श्री प्रा. वि. गडहिया | ३७४२१ | ४४००७ | ८१४२८ |
| ६ | श्री मा.वि. सेढवा | ३६५७२१ | १५१२७२ | ५१६९८४ |
| ७ | श्री प्रा. वि. चण्डिया | ५८१९७ | ६५२०९ | १२३४०६ |
| | जम्मा | १३७७१०५ | ७१४७६३ | २३४१०६२ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२६ **सफ्टवेयर खरिद -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले राजस्व व्यवस्थापनका लागि जुपिटर टेक्नोलोजी प्रा. लि. काठमाण्डौं बाट सफ्टवेयर खरिद गरी रु.४९०४२०। खर्च गरेकोमा सफ्टवेयर खरिद गर्दा सूचना तथा प्रविधि विभागबाट स्वीकृती लिएको देखिएन भने उक्त सफ्टवेयर प्रयोगमा नै आएको देखिएन । आवश्यकताको पहिचान नगरी खरिद कार्य गरेको कारण उपयोगमा नआएको सफ्टवयरले पालिकालाई व्ययभार परेको रु.

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२७ **महिला स्वंसेविकालाई प्रोत्साहन थप भत्ता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान परिधिभित्र रही औचित्यताको आधारमा बजेट खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले महिला स्वयंसेविकालाई प्रति व्यक्ति रु.२००० मासिकक सदरले ५९ जनाको जम्मा रु.१४,१६,०००।— थप प्रोत्साहन भत्ता भुक्तानी दिएको छ। कानुनमा महिला स्वंसेविकालाई प्रोत्साहन भत्ता सुविधा दिने सम्बन्धमा व्यवस्था नरहेको ४ पालिकालो आन्तरीक आय पनि न्युन रहेको अवस्थामा थप प्रोत्साहन दिने कार्य उचित देखिएन।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२८ **गत आ. व. को भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । गत वर्षको भुक्तानी दिंदा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सातदिन भित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राख्नु

पर्ने कुरा उल्लेख छ । पालिकाले देहाय बमोजिमको भुक्तानी गर्दा भुक्तानी दिन बाँकिको विवरण प्रमाणित नगरी भुक्तानी गरेको रु.३१२१७०। नियमसम्मत नदेखिएको रु.

| भौ.नं./मिति | संस्थाको नाम | कार्य विवरण | रकम |
|---|---|---|---|
| ५९/०७९/७/२३ | न्यु शिव मिष्ठान्न भण्डार | १०८७७० | १०८७७० |
| २३०/०७९/११/११ | जयराम मिडिया | पालिकाको गतिविधि प्रसारण | २०३४०० |
| | | जम्मा | ३१२१७० |

| | |
|---|---|
| अनियमित भएको | ३,१२,१७० |

२९ **विल भर्पाई वेगर भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।पालिकाले भौ.नं.१३५/०७९/९/२९ बाट बलराम ट्रेडर्स गौरलाई विभिन्न सरसफाई सम्बन्धि सामान खरिद तथा खान खाजा खर्च गरेवापत रु.३,००,०००।- भुक्तानी गरकोमा सो खर्च के कुन कार्यसंग सम्बन्धित हो सो खर्च पुष्टी गर्ने प्रमाण कागजात संलग्न नभएकोमा सो को प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,००,००० |

३० **औषधि खरिद -** पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले शसर्त र राजश्व बाँडफाटबाट बजेट उप शिर्षकबाट विभिन्न फर्मसँग रु.३००००००। को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरीने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन

जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

३२ **सडक गुरुयोजना र अभिलेख -** पालिकाले आफ्नो क्षेत्र भित्रका सडकको अभिलेख राखी ति सडकहरुको निर्माण स्तरोन्नती मर्मत संभार तथा संचालनको उचित प्रवन्ध गर्नु पर्दछ । यसको लागि पालिकाले आफ्नो क्षेत्रभित्रका सडकको प्राथमिकताको आधारमा वर्गीकरण गरी सोही वमोजिम सडक निर्माण स्तरोन्नती तथा मर्मत सम्वन्धमा सडक गुरु योजन तयार गरी सोही वमोजिम कार्य हुनु पर्नेमा पालिकाले कुनै योजना बेगर तदर्थ रुपमा उपभोक्ता समिति एवं निर्माण व्यवसायी मार्फत सडक निर्माण तथा मर्मत गरी भुक्तानी गर्ने गरेको देखियो ।

| सैद्धान्तिक बेरुजु |
|---|

३३ **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३४ **योजना कार्यान्वयन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत दीर्घकालिन विकास योजना वनाई लागू गर्नु पर्ने व्यवस्था छ । त्यस्तै उपदफा ३ मा योजना वनाउदा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल दिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी वढ्ने, स्थानीयहरुको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय श्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, लैंगिक समानता र समावेशीकरण अभिबृदि हुने, महिला,बालबालिका, तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजनाहरु छनोट गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष मन्दिर निर्माणमा मात्र देहायवमोजिम रु ७९६४०००। वजेट विनियोजन गरी रु ७२१२९५१। खर्च गरेको देखियो ।

| सि नं | विवरण | श्रोत | वजेट | खर्च |
|---|---|---|---|---|
| १ | वडा नं २ मा हनुमान मन्दिर निर्माण | समानिकरण अनुदान | १००००००। | ९५७८६०। |
| २ | वडा नं ३ मा महारानी मन्दिर निर्माण | समानिकरण अनुदान | १००००००। | ९६०६००। |
| ३ | वडा नं ९ मा शनिदेव मन्दिर निर्माण | समानिकरण अनुदान | ५०००००। | ३०१६६२। |
| ४ | वडा नं ७ मा बौधीदेवी चरनदेवी मन्दिर निर्माण | समानिकरण अनुदान | १२०८०००। | १२०५८१८। |
| ५ | वडा नं ५ मा दुर्गा मन्दिर निर्माण | समानिकरण अनुदान | २००००००। | १९९८९३१। |
| ६ | राजदेवी नगरपालिका भित्रका मन्दिर मर्मत तथा रंगरोगन कार्य | समानिकरण अनुदान | १००००००। | ६८८४९१। |
| ७ | सत्यानारायण पण्डितको ईनारमा गणेश मन्दिर निर्माण | समानिकरण अनुदान | ३०६०००। | १५९६२९। |
| ८ | सोनियामाई मन्दिरमा प्लाष्टर गर्ने कार्य | समानिकरण अनुदान | ५००००। | ५००००। |
| ९ | माझीटोलमाम अवस्थित मन्दिरको मर्मत खर्च | समानिकरण अनुदान | १०००००। | ९००००। |
| १० | राजदेवी मन्दिर तथा अन्य मठ मन्दिरको रंगरोगन | समानिकरण अनुदान | ५०००००। | ५०००००। |

| | | | | |
|---|---|---|---|---|
| ११ | वडा नं ७ मा रहेका मन्दिरहरु रंगरोगन | समानिकरण अनुदान | १०००००। | ९९९६०। |
| १२ | व्रम्हपुरी स्थित सोनमत माताको मन्दिर निर्माण कार्य | समानिकरण अनुदान | २०००००। | २०००००। |
| | जम्मा | | ७९६४०००। | ७२१२९५१। |

पालिकाले ठूला एवं दीर्घकालमा जनताको रोजगारी आयआर्जन र जीवनस्तर उकास्ने खालका योजना तर्जुमा र कार्यान्वयन गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ३५ उपभोक्ता समितिवाट जटिल संरचना निर्माण -

३५.१ नेपाल सरकार वा स्थानीय तहले जग्गा प्राप्ति गर्नु पर्दा जग्गा प्राप्ति २०३४ वमोजिम तोकिएको प्रकृय पुरा गरी खरिद गर्नु पर्दछ । उक्त ऐन वमोजिम जग्गा प्राप्ति गर्ने निकायले खरिद गरीने जग्गाको विवरण उल्लेख गरी संघीय सरकार संग अनुमति माग्नु पर्ने अनुमती प्राप्त भएपछि सम्वन्धित निकायले सूचना प्रकाशन गर्नु पर्ने प्रमुख जिल्ल अधिकारीको संयोजकत्वमा मुअव्जा निर्धारण गरी खरिद गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपर्युक्त प्रकृया अवलम्वन गरी वडा नं ७ मा ९ कठ्ठा १० धुर दुई कित्ता जग्गा प्रति कठ्ठा रु ८०००००। दरले खरिद गरी रु ७६०००००। भुक्तानी गरेको छ ।

सैद्धान्तिक बेरुजु

३५.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा हेभी मेशिन औजार प्रयोग नहुने श्रममूलक काम मात्र उपभोक्ता समितिवाट गराउनु पर्ने व्यवस्था छ । पालिकावाट लागत अनुमान तयार गर्दा नै मेशिनको प्रयोग हुने गरी गर्ने गरेको र त्यस्ता जटिल खालका संरचना उपभोक्ता समितिवाट गराउने गरेको पाईयो । उपभोक्ता समितिवाट त्यस्ता निर्माण कार्य गराउदा गुणस्तर कायम गर्ने पक्षलाई ध्यान दिएको पाईएन । उपभोक्ता समितिवाट निर्माण कार्य गराउदा निर्माण पश्चात निर्माणको काममा गुणस्तर कायम नभई विग्रने भत्कने अवस्था भई त्रुटी सच्याउनु पर्ने भएमा उपभोक्ता समितिलाई भुक्तानी हुने रकमावट धरौटी कट्टा गरी राख्ने एवं बैंक जमानत राख्ने व्यवस्था नभएको कारण उपभोक्ता समितिलाई जिम्मेवार वनाउन सकिदैन । यस्ता निर्माण कार्य अनुभवी निर्माण व्यवसायीवाट वोलपत्रका माध्यमवाट गराउनु पर्दछ । उपभोक्ता समितिवाट निर्माण कार्य भएका केही उदाहरण देहायवमोजिम छन् ।

| भौ नं र मिति | निर्माण कार्य | लागत अनुमान | भुक्तानी रकम |
|---|---|---|---|
| ४४।२०७९।१०।१७ न पा पुजीगत<br>३।२०७९।१०।१७<br>सडक वोर्ड नेपाल | वडा नं ७ मुडवलवामा रामश्रेष्ठको घरदेखी गौर सडक सम्म वाटो ढलान | ४८६६९०६।५३ | ४००४०००। |
| १५।२०७९।७।५ | वडा नं ५ अधुरो भवन निर्माण | २१३८४९७।२४ | ६४२५००। |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३६ **निर्माण कार्यसंग सम्वन्धित कागजात -**

३६.१ (५५-२०७९-११-४)-कार्यक्रम संचालनका लागि लागत अनुमान तयार गर्दा पारित नर्म्स बमोजिम गर्नुपर्दछ । पालिकाले प्रदेश संगको म्याचिङ्ग फण्ड अनुदानबाट लोक सेवा तयारी कक्षा संचालनका लागि रु १४९७०२४। लागत अनुमान तयार गर्दा प्रशिक्षक भत्ता, यातायात खर्च, कक्षा अनुगमन, स्टेशनरी, प्रतिवेदन, ह्याण्सआउट, किताव र चियाका लागि रु १०८७७२५। अनुमानित लागत समावेश गरे पछि पारित नर्म्स वेगर नै कार्यक्रम शुभारम्भमा रु ५००००। कक्षा समापनमा रु ५००००। र कार्यालय संचालन र व्यवस्थापना रु १४२०७५। समावेश गरी लागत अनुमान तयार गरेको र सोही बमोजिम जेभिएर ईन्स्टिट्च्युट, गौरलाई भुक्तानी दिएको पाईयो । नर्म्स वेगर भुक्तानी दिएको उक्त खर्च रु. २४२०७५। लागत अनुमानमा समावेश गरी भुक्तनी दिएको आधार पेश गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,४२,०७५ |

३६.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२२ मा निर्माण व्यवसायीले भुक्तानीका लागि पेश गर्ने रनिङ्ग बिल वा अन्य कुनै बिल विजकमा कम्तीमा उल्लेख हुनु पर्ने कुराको व्यवस्था गरेको छ । पालिकामा निर्माण कार्यको भुक्तानीका लागि पेश हुने नापी किताव ठेक्का बिल कार्यसम्पन्न लगायतका कागजातहरुमा सम्झौता मिति नापी लिएको मिति कार्य सम्पन्न हुनु पर्ने मिति कार्यसम्पन्न भएको मिति उल्लेख गर्ने गरेको पाईएन । जसबाट निर्माण व्यवसायी एवं उपभोक्ताबाट कार्यसम्पन्न भएको मिति एकिन गर्न नसकिएको कारण त्रुटि सच्याउने अवधि, कार्यसम्पादन जमानत लिनु पर्ने अवधि एकिन गर्न सकिएन । यस्तो निर्माण व्यवसायीले समयमा कार्यसम्पन्न नगरेता पनि पालिकाबाट समय भित्रै कार्यसम्पन्न भएको देखिने गरी अभिलेख तयार गरीदिने गरेको कारण निर्माण व्यवसायीले जरिवानाबाट उन्मुक्ती पाउने अवस्था देखियो । यस तर्फ पालिकाले विशेष ध्यान दिदै आगामी दिनमा सुधार गरी काम गर्नु पर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३७ **शुन्य प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा आफ्नो कार्यालय तथा मातहतको कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखाउत्तरदायी अधिकृतको हुने उल्लेख छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा प्रमुख प्रशासकीय अधिकृतले कार्य दक्षता एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने व्यवस्था छ । यस पालिकालाई अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदान रकमबाट विनियोजित निम्न बमोजिमका रु. २००००।हजारभन्दा माथिका रु. १ करोड ५३ लाख २० हजारका स्वीकृत कार्यक्रमहरु कार्यान्वयन हुन नसकी प्रगति शुन्य रहेको छ । कार्यालयले कार्य योजना तयार गरी बजेटको प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्दछ ।

| सि.नं. | कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम | स्रोत | विनियोजन | खर्च |
|---|---|---|---|---|
| १ | रुपान्तरण कार्यक्रम | नेपाल सरकार समानीकरण अनुदान | ५०००००। | ० |
| २ | GATE सम्वन्धी कार्यक्रम | नेपाल सरकार समानीकरण अनुदान | ४०००००। | ० |
| ३ | कार्यालयको पार्किङ्ग स्थल निर्माण | नेपाल सरकार समानीकरण अनुदान | १००००००। | ० |
| ४ | वडा नं ४ बसन्तपुरमा महिला विकास भवन रंगरोगन तथा मर्मत | नेपाल सरकार समानीकरण अनुदान | १०००००। | ० |
| ८ | कार्यालको पार्किङ्ग स्थल निर्माण | नेपाल सरकार समानीकरण अनुदान | १००००००। | ० |
| ९ | नगरपालिका भवनमा एल्मोनियम फिटिङ्ग | नेपाल सरकार समानीकरण अनुदान | १००००००। | ० |
| १० | वडा नं ६ मा महारानी मन्दिर निर्माण | नेपाल सरकार समानीकरण अनुदान | १००००००। | ० |
| ११ | योजना अनुगमन मूल्याङ्कन तथा विविध खर्च | नेपाल सरकार समानीकरण अनुदान | ३००००००। | ० |
| १२ | पथरा व्रम्हस्थानमा कम्पाउण्ड वाल निर्माण | नेपाल सरकार समानीकरण अनुदान | ५०००००। | ० |

| | | | | |
|---|---|---|---|---|
| १३ | वडा भरी विभिन्न सडक मर्मत कार्या | नेपाल सरकार समानीकरण अनुदान | ५०००००। | ० |
| १४ | मोतिपुरमा मस्जिदको लागि जग्गा खरिद | नेपाल सरकार समानीकरण अनुदान | २५०००००। | ० |
| १५ | राजदेवी न पा २ मा ढलान र नाला मर्मत कार्य | नेपाल सरकार समानीकरण अनुदान | ८०००००। | ० |
| १६ | मुस्लिम समुदायको कवरगाहको लागि जग्गा खरिद | नेपाल सरकार समानीकरण अनुदान | ८०००००। | ० |
| १७ | वडा कार्यालय मर्मत | नेपाल सरकार समानीकरण अनुदान | ५००००। | ० |
| १८ | वडा कार्यालयको लागि भवन निर्माण | नेपाल सरकार समानीकरण अनुदान | १२०००००। | ० |
| १९ | गौरी शंकरको घरदेखि जगतलाल पण्डितको घर सम्म सडक निर्माण कार्य | नेपाल सरकार समानीकरण अनुदान | २५००००। | ० |
| २० | अच्छेलालको घरदेखी दशरथरामको ]घर सम्म सडक निर्माण | नेपाल सरकार समानीकरण अनुदान | ६०००००। | ० |
| २१ | स्वास्थ्य संस्थाको लागि फर्निचर तथा वाल प्लाष्टर | नेपाल सरकार समानीकरण अनुदान | १०००००। | ० |
| २२ | कक्षा १ देखि ५ सम्मको विधार्थीलाई शैक्षिक सामाग्री वितरण | नेपाल सरकार समानीकरण अनुदान | २००००। | ० |
| | जम्मा | | १५३२००००। | |

सैद्धान्तिक बेरुजु

३८ **नर्म्सको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा कार्यालयले गर्ने निर्माण प्रकृतिसँग मिल्ने तथा मितव्ययी हुने स्वीकृत नर्मस र जिल्ला दररेटका आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । सडक ढलानको कार्यमा नेपाल सरकारबाट स्वीकृत सडक विभागको

नर्मसको प्रयोग गर्दा प्रति घनमिटर रु.१०,६५५। हुनेमा यस पालिकाले डोलिडारको नर्मस प्रयोग गरी प्रति घनमिटर रु. १३५५९।४० का दरले भुक्तानी भएको हुँदा प्रति घनमिटर रु. २९०४।४ का दरले बढी मुल्यांकन गरी अधेरिया पईन देखि सोनमत्ता मन्दिर सम्म सडक ढलान उपभोक्ता समितिलाई ५६।१५ घनमिटर कार्यको रु १६३०८२। बढी भुक्तानी भएको कारण पालिकालाई बढी व्ययभार पारेको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६३,२०८ |

३९ **एम्वुलेन्स खरिद -** (४९-२०७९-११-१२) सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ मा खरिद सम्झौता वमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि आपूर्तिकर्तालाई करारका शर्त वमोजिम अन्तिम भुक्तानी दिनु पर्ने व्यवस्था छ ।पालिकाले अग्नी ईन्कर्पोरेटेड प्रा लि संग एक थान एम्वुलेन्स खरिदको रु २०१००५०। पेश्की दिएको छ । आपूर्तिकर्ता संग मिनि २०७९।१०।२५ मा ६ देखी १० हप्ता भित्र एम्वुलेन्स हस्तान्तरण गर्ने गरी सम्झौता भएकोमा हालसम्म पनि एम्वुलेन्स प्राप्त भएको देखिएन । सम्झौताका शर्त वमोजिमको एम्वुलेन्स प्राप्त भएको प्रमाण पेश गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,१०,०५० |

४० **लागत सहभागिता -** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४१ **वागमती नदीमा अस्थायी बाँध -** दैवी प्रकोप विपद व्यवस्थापन अन्तर्गत नगरपालिकाको वडा नं ६ मा वाग्मती नदी कटान नियन्त्रण कार्यका लागि वडा नं ३ ४ र ६ मा उपभोक्ता समिति गठन गरी बाँस पाईलिंग बोरा डोरी आदी प्रयोग गरी नदी नियन्त्रण गर्ने कार्य भएको पाईयो । उक्त कार्यका लागि रु ३०३१४६६।२० लागत अनुमान तयार गरी कार्यक्रमबाट रु २४२५०००। र उपभोक्ता समितिबाट रु ६०६४६६।२० व्यहोर्ने गरी मिति २०७९।७।२३ भित्र काम सम्पन्न गर्ने गरी मिति २०७९।३।२४ मा सम्झौता भएको पाईयो । पछी सोही स्थानको विभिन्न प्रतिनिधिहरुबाट अनुगमन हुदा थप काम गर्नु पर्ने देखिएको भनी रिभाईज्ड लागत अनुमान रु ४२४३७३१।२९ मा कार्यक्रमबाट रु ३३९५०००। र उपभोक्ता समितिबाट रु ८४८७३१।२९ व्यहोर्ने गरी निर्णय भएको पाईयो । उक्त कार्यको अन्तिम कार्य सम्पन्न अनुसार रु ४२१००३४।०५ को मूल्याङ्कन भई नगरपालिकाबाट रु ३३६७५००। को भुक्तानी भएको छ । बर्खा संगै बाढीको जोखिम बढेको समयमा विपद व्यवस्थापन मार्फत काम गराउदा कामको सही लागत अनुमान गर्न नसकिने साथै जोखिम नियन्त्रण गर्न अस्थायी माध्यम अवलम्वन गर्दा नियन्त्रण कार्य भरपर्दो र दिगो नहुने देखिन्छ ।निर्माण कार्यको स्थलगत अनुगमन गर्दा निर्माण संरचनाहरु वगाई सेकेको र पहिला कै स्थितिमा रहेको देखियो ।त्यस्तो जोखिम दोहोरी रहने अवस्थाको पूर्व आंकलन गरेर दिगो र भरपर्दो नियन्त्रणका लागि स्थायी समाधान अपनाउनु पर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४२ **वीमा -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरीने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । आयोजनाले तपशिल वमोजिमका ठेक्काहरुमा वीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको एवं तोकिएको समयमा नै निर्माण कार्य सम्पन्न गर्न नसेकेको कारण उक्त लगानी जोखिममा परेको देखिन्छ । यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ आयोजनाले ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४३ **१५ शैया अस्पताल निर्माण -**

४३.१ **एकिकृत स्वास्थ्य पूर्वधार विकास कार्यक्रम -** पालिकामा १५ शैया अस्पताल निर्माण गर्ने कार्यको पालिका र न्यू ड्राइगन प्रा लि काभ्रेपलान्चोक विच मिति २०८२।३।६ सम्म काम सम्पन्न गर्ने गरी मिति २०८०।३।७ मा सम्झौता भएको ठेक्काको फाइल परीक्षण गर्दा देखिएका व्यहोराहरु यसप्रकार छन् :

| सैद्धान्तिक बेरुजु |
|---|

४३.२ **बीमा-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा वाहेक बीस लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्यमा बीमा गराउनु पर्ने र बीमाको अवधि त्रुटी सच्याउने अवधिसम्मको हुने व्यवस्था छ । सम्झौतामा काम सम्पन्न गर्नु पर्ने मिति २०८२।३।६ सम्म भएकोमा सोको कार्यको बीमाङ्क रु १९८३१८१५३।११ को मान्य अवधि २०८३।३।२ सम्मको हुनु पर्नेमा २०८१।३।२६ सम्म मात्रको पेश भएकोले रु.१८०६५००। को जमानतको अवधि उपर्युक्त अवधिसम्मको हुनु पर्ने रु.

| प्रमाण पेश नगरेको | १८,०६,५०० |
|---|---|

४३.३ **विओक्यूमा सवारी खरिद-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ वमोजिम सार्वजनिक निकायले खरिदको लागत अनुमान तयार गर्नु पर्दछ । पालिकाले एकिकृत स्वास्थ्य पूर्वधार तर्फ १५ शैयाको अस्पताल निर्माण कार्यको लागत अनुमान तयार गर्दा नया मोटरसाईकलको लागि रु ९०००००। राखी लागत अनुमान तयार गरेकोमा सो आईटमको निर्माण व्यवसायी संग रु ५०००००। मा सम्झौता गरेको छ । निर्माण कार्य संग असमन्धित उक्त आईटमको मूल्य अभिबृद्धि कर समेत रु ५६५०००। भुक्तानी दिन नमिल्ने रु.

| | असुल गर्नुपर्ने | ५,६५,००० |
|---|---|---|

## ४४ नगरपालिका भवन निर्माण -

४४.१ **नगरपालिका भवन** - नगरपालिका कार्यालयको भवन निर्माणको माथिल्लो तला निर्माण कार्यका लागि पालिका र महत्तो कन्सट्रक्सन गौर वीच मिति २०८०।३।२० मा कार्य सम्पन्न गर्ने गरी २०७९।११।१७ मा रु ९५४१४६७।१९ मा सम्झौता भएकोमा सो कार्यको रु ७८७८७४६।२१ मूल्याङ्कन भएको मूल्याङ्कन प्रतिवेदनबाट देखिन्छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्ः

| | सैद्धान्तिक बेरुजु |
|---|---|

४४.२ **त्रुटी सच्याउनु पर्ने** - वत्ती तथा स्यानिटेशन कार्यका लागि रु १०७३५००। भुक्तानी भएको छ । तर वत्तीमा प्रयोग भएको तार सम्झौता वमोजिम नभएको, तार फिटीङ्गस वाहिरबाट देखिने गरी गरेको , ट्वाईलेटमा प्रयोग भएका सामानहरु विग्रसकेको अवस्थामा देखियो । पालिकाले भवन निर्माणको त्रुटी सच्याउने अवधिभित्रनै निर्माण व्यवसायीलाई उक्त कार्यहरु गर्न लगाई काम सच्चिएको प्रमाण पेश हुनु पर्ने रु.

| | प्रमाण पेश नगरेको | १०,७३,५०० |
|---|---|---|

४४.३ **बढि व्ययभार** - नगरपालिका कार्यालयको भवन निर्माणको माथिल्लो तला निर्माण कार्यका लागि पालिका र महत्तो कन्सट्रक्सन गौर वीच मिति २०८०।३।२० मा कार्य सम्पन्न गर्ने गरी २०७९।११।१७ मा रु ९५४१४६७।१९ मा सम्झौता भएकोमा तेश्रो तल्ला शुरुमा आधा मात्र निर्माण गर्ने सम्झौता भएकोमा पुरै निर्माण गर्न थप भएको उक्त कार्यका लागि आवश्यक फलामको काम सोही निर्माण व्यवसायीबाट नगराई पप्पु निर्माण सेवा गौर बाट ५२३० के जी प्रति के जी रु १८३।०६ मा खरिद गरी रु ९५७४०३। भुक्तानी दिएको देखियो । तर भवन निर्माण व्यवसायी संग उक्त फलामको काम रु १२४।३ मा सम्झौता गरेको छ । यसरी उही निर्माण व्यवसायी संग सम्झौता वमोजिमको दर रेटमा खरिद नगरी अर्कै आपूर्तिकर्ताबाट खरिद गरेको कारण ५२३० के जी मा प्रति के जी रु ५८।७६ का दरले रु ३०६४७८। बढी व्ययभार पारेको रु.

| | प्रमाण पेश नगरेको | ३,०६,४७८ |
|---|---|---|

४४.४ **भेरिएशन** - सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ मा खरिद गर्दाको वखत पूर्वानुमान गर्न नसकिएकव परिस्थिति सम्झौता कार्यान्वनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएशन आदेश जारी गर्न सकिने व्यवस्थता छ । पालिकाको भवनको माथिल्लो तला थप्ने कामका लागि रु.१६५७४६०७।७३ को लागत अनुमानमा रु.९५४१४६७।१९ सम्झौता भई सम्झौता भन्दा १७।४३ प्रतिशत घटि अर्थात रु.७८७८७४६।२१ मा सम्पन्न भएको पाईयो । पालिकाले तेश्रो तल्ला आधा मात्र वनाउने गरी सम्झौता

गरेकोमा पुरा वनाउने भनी सो कार्यका लागि रु.९५७४०३। को फलामे डण्डी समेत खरिद गरेको छ । तर थपिएको भनिएको कामको भेरिएशन गरी रिभाईज्ड लागत अनुमान तयार गरी थपिएको काम भएको कार्यसम्न्न प्रतिवेदन तयार गरेको नदेखिए बाट भेरिएशन स्वीकृति विना नै काम गरेको देखिन्छ । थपिएको कामको भेरिएशन सहित कार्यसम्न्न प्रतिवेदन एवं सोही कामका लागि खरिद गरीएको भनिएको फलामे डण्डीको रु.९५७४०३। खपत भएको प्रमाण पेश हुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,५७,४०३ |

४५ **पेस्की -**

४५.१ **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौट नभई रु.८,०९,२१,९८८।५० बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु. ३०,१७,८००। फस्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौट गर्नुपर्ने रु.

| पेश्की लिने व्यक्ति र संस्था | पेश्कीको विवरण | म्याद नाघेको |
|---|---|---|
| सुवोध साह | प्रजनन् रुग्णता स्वास्थ्य | १८०००० |
| सवोध साह | CBIMNCI(कार्यक्रम समिक्षा , स्थलगत अनुशिक्षण , समता तथा पहुच कार्यक्रम ) | ५००००० |
| सवोध साह | हात्तीपाइले रोग बिरुद्धको आम औषधि सेवन अभियान (MDA) संचालन ( १५ जिल्लाका १९० पालिकाहरु ) | ९४०००० |
| रामाकान्त प्रसाद यादव | नियमित खोप सुध्ढीकरण, पूर्ण खोप सुनिश्चतता र दीगोपनाको लागि सुक्ष्मयोजना अद्यावधिक २ दिन र सरसफाई प्रबद्रधन \ प्याकेज पुर्नताजगी तालिम १ दिन गरी ३ दिन एवं पूर्णखोप न . पा ., गा . पा . सुनिश्चतताको लागि स्थानिय तह , वडा , | २३४००० |

| | | |
|---|---|---|
| | खोप समन्वय समिती तथा नवनिवार्चित जनप्रतिनि | |
| राकेश कुमार यादव | पोषण कार्यक्रम | १००००० |
| रामाकान्त प्रसाद यादव | परिवार नियोजन किशोर किशोरी तथा प्रजनन् स्वास्थ्य कार्यक्रम | २६०००० |
| रामाकान्त प्रसाद यादव | स्वास्थ्य सूचना साथै आइ एम यू सुद्धीकरण कार्यक्रम | ३०८०० |
| रामाकान्त प्रसाद यादव | विश्व औलो दिवस मनाउने, किटजन्य रोग नियन्त्रण<br>कार्यक्रमको अनुगमन एवम् मूल्याङ्कन तथा किटजन्य<br>रोग नियन्त्रणका लागि बहुनिकाय अन्तरक्रिया गर्ने<br>तथा Active Case Detection औलो र कालाजार ) | २०००० |
| रामाकान्त प्रसाद यादव | कोभिड १९ लगायत विभिन्न महामारीजन्य रोगहरुको<br>नियन्त्रण तथा निगरानीका लागी सरोकारवाला<br>अन्तरक्रिया तथा RRT, स्वास्थ्यकर्मी परिचालन | ५०००० |
| राकेश कुमार यादव | पोषण कार्यक्रम | ४३००० |
| स्थानीय विकास केन्द्र गौर | सार्वजनिक सुनुवाई कार्यक्रम | २५०००० |
| मजलुम राईन | रोजगार सेवा केन्द्रको सँचालन खर्च | ५०००० |
| शिवाजी सिंह | विभागले उपलव्ध गराउने विधि/ पद्दति स्तरबाट<br>घटना दर्ता सप्ताह अभियान सञ्चालन | ११०००० |

| | | |
|---|---|---|
| मजलुम राईन | संघ प्रदेशबाट आएको अनुदानको म्याचिङ् फण्ड | २५०००० |
| | जम्मा | ३०१७८०० |

| | |
|---|---|
| पेश्की | ३०,१७,८०० |

४५.२ **गत विगतको पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त फछ्र्यौट गर्न बाँकी पेश्कीको मास्केवारी विवरण अनुसार वर्षान्तमा फछ्र्यौट गर्न बाँकी पेश्की रु ६३२९७१६८।५० म्याद ननाघेको अन्तर्गत राखेको छ ।यसरी गत विगतको पेश्की लाई म्याद नाघेको र म्याद ननाघेको छुट्याई अभिलेख राखुपर्नेमा एकमुष्ट म्याद ननाघेको भनि विवरण उपलब्ध गराएको छ । उक्त पेश्की नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: राजदेवी नगरपालिका, रौतहट , राजदेवी नगरपालिका , रौतहट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | प्रलव कायस्थ | २०७९-५-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | श्रीचन महतो | २०७९-५-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५,०४४,०८५ | ३१२,१७० | ३२,६१९,२११ | ० | ० | ३,०१७,८०० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ४०,९९३,२६६ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ४०,९९३,२६६ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ८५२६३८८० | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४०१५११००० | **चालु खर्च** | ३७७७७७०५२ |
| **प्रदेश सरकारबाट अनुदान** | २५४२७९३७ | **पूँजीगत खर्च** | १५८४२९१४६ |
| **राजश्व बाँडफाँट** | ६७१३०९६२ | **वित्तीय/अन्य व्यवस्था** | १६८१७८५५१ |
| **आन्तरिक आय** | ९५९३८९३.० | | |
| **अन्य आय** | १५५९४२०८८ | | |
| **कुल आय** | ६५९६०५८८० | **कुल खर्च** | ७०४३८४७४९ |
| **बाँकी मौज्दात** | | ४०४८५०११ | |

• प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन (PAR) र अन्तिम लेखापरीक्षण प्रतिवेदन (FAR) मा जारी भएको दफाको क्रम संख्या हेरफेर हुन सक्नेछ ।